प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## मौका परीक्षाको आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०७।१० गते)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, Hotel Management र IT कार्यक्रमको तेश्रो बर्ष दोश्रो खण्ड र प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, कृषि, ल्याब टेक्निसियन, रेडियोग्राफी, होमियोप्याथी, डेण्टल साइन्स (डेण्टल हाइजिन), डिप्लोमा इन फार्मेसी, अप्थाल्मिक साइन्स, सामान्य आयुर्वेदिक चिकित्सा, फरेष्ट्री तथा अकुपन्चर कार्यक्रमहरुको र **विशेष प्राविधिक शिक्षा छात्रबृत्ति कार्यक्रमहरु तर्फ नियमित रुपमा उत्तीर्ण भई तेश्रो बर्ष र तेश्रो बर्ष दोश्रो खण्डमा मात्र कुनै एक बिषय अनुत्तीर्ण भएका** परिषद् परीक्षा सम्वन्धी बिनियमावली २०७१ बमोजिम **सैद्धान्तिक वा प्रयोगात्मक मध्ये एक विषयको मौका परीक्षा २०७८ साल मंसिर महिनामा** संचालन हुने हुंदा सम्बन्धित परीक्षार्थीहरुले २०७८ साल कात्तिक २६ गते भित्र नियमित शुल्क र मंसिर ३ गते भित्र बिलम्ब शुल्कमा सम्वन्धित शिक्षण संस्थाहरुमा परीक्षा आवेदन फाराम भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । उक्त आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने **पासपोर्ट साईजको** फोटो १ (एक) प्रति टांसिएको हुनुपर्नेछ ।

२. परीक्षा आवेदन फाराम शुल्क प्रति सैद्धान्तिक वा प्रयोगात्मक विषय वापत रु. ३००।- बुझाउनु पर्नेछ ।

३. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम मिति २०७८।०७।२८ गते नियमित शुल्क र मिति २०७८।०८।०५ गते भित्र बिलम्ब शुल्कको रकम अनिवार्य रुपमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा बुझाउनु पर्नेछ ।

४. बार्षिक तथा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत तेश्रो वर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणाली अन्तर्गत तेश्रो वर्षको नियमित परीक्षामा कुनै एक बिषयमा मात्र अनुत्तीर्ण भएका परीक्षार्थीहरुले मात्र उक्त आवेदन फाराम भर्न पाउने छन् र **उक्त नियमित परीक्षाको Result Sheet को प्रतिलिपी अनिवार्य रुपमा आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ ।**

५. २०७४ साल(सन् २०१७) मा रजिष्ट्रेशन कायम भई २०७७ साल माघ/फागुन/चैत्र महिनामा संचालन भएको सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम वर्ष प्रथम र दोश्रो खण्ड, दोश्रो वर्ष प्रथम र दोश्रो खण्ड र तेश्रो वर्ष प्रथम खण्ड नियमित रुपमा उत्तीर्ण विद्यार्थीहरुले मात्र तेश्रो वर्ष दोश्रो खण्डको एक विषयमा मात्र अनुत्तीर्ण उक्त विषयको मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन् । बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्षको परीक्षा नियमित रुपमा उत्तीर्ण विद्यार्थीहरुले मात्र तेश्रो वर्षको परीक्षामा एक विषयमा मात्र अनुत्तीर्णहरुले उक्त विषयको मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन् । सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम वर्ष प्रथम र दोश्रो खण्ड, दोश्रो वर्ष प्रथम र दोश्रो खण्ड तथा तेश्रो वर्ष प्रथम खण्ड तथा बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्ष उत्तीर्ण गरेको लब्धांक पत्र (Mark Sheet) वा Ledger को प्रतिलिपि अनिवार्य रुपमा आवेदन फारामसाथ संलग्न गर्नु पर्नेछ । यदि सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम वर्ष प्रथम र दोश्रो खण्ड, दोश्रो वर्ष प्रथम र दोश्रो खण्ड तथा तेश्रो वर्ष प्रथम खण्ड र बार्षिक परीक्षा प्रणाली तर्फ प्रथम र दोश्रो वर्ष अनुत्तीर्ण हुने परीक्षार्थीहरुले उक्त परीक्षाको आवेदन फाराम भरी परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्द हुनेछ ।

६. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ र स्थानान्तरणको अनुमति पत्रको छायां प्रति समेत संलग्न राख्नु पर्नेछ ।

७. आवेदन फाराम परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

८. प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन । अतः सम्बन्धित शिक्षण संस्थाहरुले प्रवेश पत्र तोकिएको समय भित्र बुझिलिनु पर्ने छ ।

९. परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ ।

१०. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले नियमित शुल्कको परीक्षा आवेदन फाराम मिति २०७८।०७।२६ गते कार्यालय समय भित्र र बिलम्ब शुल्कको मिति २०७८।०८।०३ गते कार्यालय समय भित्र Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**